जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २२१ २०८२ साल चैत २४ गते मंगलबार (7 Apr 2026 Tuesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*यस अंक भित्र :* २ पृष्ठमा : हुलाकका कुरियर 'एक्सप्रेस वे' ... २ पृष्ठमा : युद्ध अन्त्यतर्फ अमेरिका ... ४ पृष्ठमा : निजी विद्यालयमा लिइएको ...

## पत्रकार महासंघद्वारा सरकारको पछिल्लो विज्ञापन नीति खारेज गर्न माग

## सञ्चारमाध्यमहरू बन्द भए हजारौं पत्रकार तथा सञ्चारकर्मी र सञ्चारक्षेत्रमा जोडिएकाहरु प्रत्यक्ष रूपमा प्रभावित हुने



**दैनिक समाचारदाता**
**राजविराज, २३ चैत ।**

नेपाल पत्रकार महासंघले सञ्चार तथा सूचना प्रविधिमन्त्रीलाई भेटेर सरकारले सरकारी सञ्चारमाध्यममा मात्र सरकारी सूचना प्रकाशन र प्रसारण गर्ने निर्णय र नेपाली सञ्चारमाध्यमको समस्याका बारेमा सरकारलाई ज्ञापनपत्र बुझाएको छ।

सोमबार नेपाल पत्रकार महासङ्घको टोलीले सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनासँग भेटघाट गरि उक्त ज्ञापनपत्र बुझाएको हो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको यही चैत १८ गते जारी गरिएको सचिव स्तरीय निर्णय र त्यसपछि कार्यालयबाट सबै संघीय मन्त्रालय, आयोग र सचिवालय, प्रदेश र स्थानीय तहहरूलाई जारी गरिएको परिपत्रले निजी सञ्चारमाध्यमलाई आर्थिक रुपमा कमजोर बनाउने र स्वतन्त्र पत्रकारितामा अप्रत्यक्ष दबाब सिर्जना हुने भएपछि महासंघको प्रतिनिधमण्डलले ज्ञापनपत्र बुझाएको हो।

महासङ्घ अध्यक्ष निर्मला शर्माको नेतृत्वमा गएको टोलीले सरकारको पछिल्लो विज्ञापन नीतिले समग्र सञ्चार क्षेत्र प्रभावित हुन सक्ने भन्दै पुनर्विचार गर्न आग्रह गरे।

प्रतिनिधमण्डलले उक्त परिपत्रमा सरकारको गम्भीर ध्यानाकर्षण गराउँदै सो निर्णय तत्काल खारेज गर्न माग गरेको छ। निर्णय पुनर्विचार गरी तत्काल नसच्याइए महासंघ संघर्षमा उत्रिन बाध्य हुने जानकारी गराइएको थियो।

महासंघका महासचिव रामप्रसाद दाहाल हस्ताक्षरित ज्ञापनमा सरकारी विज्ञापनलाई सरकारी सञ्चारमाध्यममा सीमित गर्नुले निजी तथा सामुदायिक मिडियाको अस्तित्वमाथि प्रश्न खडा गरेको तथा देशभर सञ्चालनमा रहेका ४ सयभन्दा बढी रेडियो, पत्रपत्रिका, टेलिभिजन र अनलाइन मिडियाहरूको आर्थिक आधार कमजोर बनाउँदै उक्त निर्णयले ती संस्थाहरूलाई बन्द हुने अवस्थामा धकेल्ने जोखिम स्पष्ट रहेको उल्लेख छ।

त्यस्तै श्रमजीवी पत्रकारको रोजगारी संकटमा परेको, सञ्चारमाध्यमहरू बन्द भए हजारौं पत्रकार तथा सञ्चारकर्मी र सञ्चारक्षेत्रमा जोडिएका कर्मचारी-मजदुर प्रत्यक्ष रूपमा प्रभावित तथा जनमतबाट स्थापित सरकारले जनताको रोजगारी खोसिने अवस्थालाई प्रोत्साहन गर्ने निर्णय गर्नु उपयुक्त नठहर्ने उल्लेख छ।

सो ज्ञापनमा सरकारी सञ्चारमाध्यममा मात्र सूचना सीमित हुँदा स्थानीय तहसम्म सूचना प्रवाह कमजोर भई नागरिकको सूचनामा पहुँचमा असमानता बढ्ने र सरकारको नीति खुला बजार अर्थतन्त्रको मर्मविपरीत हुनुका साथै निजी क्षेत्रलाई निरुत्साहित गर्ने र राज्य नियन्त्रित सूचना प्रणालीलाई प्राथमिकता दिने खालको रहेको जनाइएको छ।

उक्त परिपत्र तत्काल खारेज, सरकारी विज्ञापन वितरणलाई पारदर्शी, समानुपातिक र समावेशी बनाउँदै निजी, सामुदायिक तथा सरकारी सबै सञ्चारमाध्यममा न्यायोचित रूपमा वितरण गरियोस, संकटग्रस्त सञ्चार क्षेत्रलाई संरक्षण तथा प्रवर्द्धन गर्ने दीर्घकालीन नीतिगत व्यवस्था तत्काल अघि बढाईयोस। समानुपातिक विज्ञापन

***बाँकी अन्तिम पृष्ठमा***

## गाईको मासुसहित एक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २३ चैत ।**

सप्तरी प्रहरीले गाईको मासुसहित एकजनालाई पक्राउ गरेको छ। तीनदिन अघि राजविराज नगरपालिका वडा नं. ६ का ५० वर्षीय रहमत अलीलाई प्रहरीले पक्राउ गरी अनुसन्धान अगाडी बढाएको हो।

विराटनगरदेखी राजविराज आउँदै गरेको विङगर गाडीलाई आइतबार दिउँसो हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. २ स्थित सडकखण्डमा चेकजाँच गर्दा गाईको मासु जस्तो देखिने पदार्थसहित अलीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए।

प्रहरीका अनुसार उनी बसेको सिटमुनी लुकाएर राखिएको अवस्थामा गाईको मासु जस्तो देखिने पदार्थ १३ किलो ५ सय ग्राम फेला परेको थियो। घटनाबारे थप अनुसन्धानका लागि सप्तरी जिल्ला अदालतबाट तीन दिनको म्याद थप गरी अनुसन्धान भइरहेको उनले जनाए।

## तीन स्थानमा भएको आगलागिमा ६ लाख ७३ हजार ५ सय मुल्य बराबरको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, २३ चैत ।**

सप्तरीको छुट्टाछुट्टै तीन स्थानमा सोमबार राती भएको आगलागीमा लाखौं मुल्य बराबरको धनमाल जलेर नष्ट भएको छ।

जिल्लाको अग्निसाईर कृष्णसावरण गाउँपालिका वडा नं. ४ स्थित रामदेव चौधरीको टिनको छानो भएको गाई गोठमा आगलागी भई गोठसहित सो भित्र रहेको काठपातहरु जलेर नष्ट हुँदा ३ लाख ५० हजार मुल्य बरारबरको क्षती भएको प्रहरीले जनाएको छ।

यस्तै महदेवा गाउँपालिका वडा नं. ४ मनियार प्रसाही टोल बस्ने ४० बर्षीय बैजनाथ सदाको फुसको गोठ घरमा बालेको घुरबाट अचानक आगलागी भएर १ लाख ७३ हजार ५ सय मुल्य बराबरको क्षति भएको छ। गोठ घरमा रहेको काठपात, चामल, गहुँ, भैंसी पाडी समेत जलेर नष्ट हुँदा सो मुल्य बराबरको क्षति भएको हो।

त्यस्तै डाक्नेश्वरी नगरपालिका वडा नं. ८ बिसहरिया टोल स्थित ७१ बर्षीय भागवत साहको गोठ घरमा घुरबाट आगलागी हुँदा १ लाख ५० हजार बराबरको क्षति भएको छ। आगलागीमा गोठ घर सहित चामल, खसि, बाख्रा, मोटर लगायतका सामानहरु जलेर नष्ट हुँदा सो मुल्य बराबरको क्षति भएको हो।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीका अनुसार तीनै स्थानमा भएको आगलागिमा कुल ६ लाख ७३ हजार ५ सय रुपैयाँ मुल्य बराबरको क्षति भएको छ। स्थानिय र प्रहरीको सहयोगमा आगो नियन्त्रणमा लिएको उनले जनाए।

## मधेस प्रदेशको आम्दानी न्यून, योजना कार्यान्वयनमा समस्या

जनकपुरधाम, २३ चैत (रासस)।

मधेस प्रदेश सरकारको चालु आर्थिक वर्षको हालसम्म अनुमान गरिएको तथा तोकिएको लक्ष्यभन्दा कम आम्दानी भएको छ। त्यसबाट योजना कार्यान्वयनका साथै वित्तीय समस्या उत्पन्न हुने अवस्थामा आएको मधेस प्रदेशको अर्थ मन्त्रालयले जनाएको छ।

सो मन्त्रालयद्वारा सोमबार जनकपुरधाम आयोजित पत्रकार सम्मेलनमा प्रदेशका अर्थमन्त्री महेश यादवले मधेस प्रदेशमा अहिलेसम्म रु १० अर्ब ३८ करोड आम्दानी हुनुपर्नेमा हालसम्म रु चार अर्ब २५ करोड मात्र आम्दानी भएको बताउनुभयो। साथै अन्य शीर्षकमा समेत आम्दानी न्यून भएको उहाँको भनाइ थियो।

चालु आर्थिक वर्षको बजेटको आकार अहिलेसम्म सबैभन्दा ठूलो रहेको तर त्यो बजेटका लागि

***बाँकी अन्तिम पृष्ठमा***

## स्वास्थ्य मन्त्रालयद्वारा उच्चस्तरीय समिति गठन

काठमाडौँ, २३ चैत (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्वास्थ्य सेवालाई थप पारदर्शी, प्रविधिमैत्री र नागरिकमुखी बनाउन मन्त्रालयका अतिरिक्त सचिव प्राडा श्रीकृष्ण श्रेष्ठको संयोजकत्वमा छ सदस्यीय उच्चस्तरीय समिति गठन गरेको छ।

स्वास्थ्यमन्त्री निशा मेहताले आइतबार मन्त्रिस्तरीय निर्णय गर्दै स्वास्थ्य सेवालाई थप पारदर्शी र व्यवस्थित बनाउन समिति गठन गर्नुभएको मन्त्रालयका सूचना अधिकारी डा भक्त केसीले जानकारी दिनुभयोर।

समितिलाई आगामी १५ दिनभित्र 'फ्रि हेल्थ पोर्टल' निर्माण गरी लागू गर्ने, बिरामीको उपचार इतिहास, 'रिफरल', पुनःसेवा र 'क्लिनिकल फलोअप' व्यवस्थित गर्न बिरामीको अभिलेख प्रणालीका लागि डिजिटल, एकीकृत र अन्तरआवद्ध स्वास्थ्य सूचना प्रणाली विकास तीन महिनाभित्र गर्ने, अनावश्यक निजी अस्पताल रिफर गर्ने प्रवृत्ति नियन्त्रण गर्ने, स्पष्ट 'रिफर प्रोटोकल'लगायतका प्रणाली लागू गर्न समितिलाई कार्यदेश दिएको छ।

सरकारी अस्पतालमा स्वास्थ्यकर्मीको हाजिरी अनुगमन गर्न, अस्पताल फार्मेसीमा औषधिको मौज्दात तथा मूल्य देखिने डिजिटल प्रणाली १५ दिनभित्र निर्माण गरी सञ्चालनमा ल्याउन कार्यदेश दिएको जनाइएको छ।

मन्त्रालयका सूचना अधिकारी केसीले १५ दिनभित्र प्रतिवेदन पेस गर्न समितिलाई समयसीमा तोकिएको बताउनुभयो।

**स्वास्थ्य अमूल्य सम्पत्ति हो, यसको रक्षा गरौं।**

- सन्तुलित र पौष्टिक खाना सेवन गरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- स्वच्छ पानी र सरसफाइमा विशेष ध्यान दिऔं,
- खोप तथा आवश्यक स्वास्थ्य सेवा समयमै लिऔं,
- नियमितरूपमा स्वास्थ्यसम्बन्धी परामर्श लिऔं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं र तनाव व्यवस्थापन गरौं,
- सुर्ती, मदिरा र लागूऔषधबाट टाढा रहौं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं,

स्वस्थ नागरिक, समुन्नत राष्ट्र।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# स्वतन्त्रता र जिम्मेवारी

लोकतान्त्रिक समाजको महत्वपूर्ण आधारमध्ये एक हो स्वतन्त्र, निष्पक्ष र उत्तरदायी सञ्चार माध्यम । कुनै पनि देशमा सरकारको मिडिया नीति कस्तो छ भन्ने कुराले त्यहाँको लोकतन्त्रको स्तर मापन गर्न सकिन्छ । नेपालजस्तो विविधतापूर्ण र संक्रमणशील समाजमा मिडिया नीति झन् संवेदनशील विषय बनेको छ । सरकारले मिडियालाई नियमन गर्ने नाममा नियन्त्रण गर्ने प्रयास गर्नु हुँदैन । मिडिया स्वतन्त्रता भनेको मनपरी गर्ने छुट होइन, तर सत्यतथ्य र जनउत्तरदायी सूचना प्रवाह गर्ने अधिकार हो । त्यसैले मिडिया नीतिले एकातर्फ प्रेस स्वतन्त्रता सुनिश्चित गर्नुपर्छ भने अर्कोतर्फ पत्रकारितालाई मर्यादित र जिम्मेवार बनाउने दिशामा मार्गदर्शन पनि गर्नुपर्छ ।

हालका दिनहरूमा विभिन्न कानुनी प्रावधान र निर्देशिकाहरू ल्याइँदा मिडियामाथि अंकुश लगाउने आशंका व्यक्त हुँदै आएको छ । यस्तो अवस्थामा सरकार पारदर्शी र संवादमुखी बन्न जरुरी छ । मिडियासँग सहकार्य गर्दै नीति निर्माण गरिएमा मात्र प्रभावकारी र स्वीकार्य नीति बन्न सक्छ । त्यस्तै, डिजिटल मिडियाको तीव्र विकाससँगै गलत सूचना र भ्रामक प्रचारको समस्या पनि बढ्दै गएको छ । यसलाई नियन्त्रण गर्न कानुनी व्यवस्था आवश्यक भए पनि अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने खालका प्रावधानहरूबाट टाढा रहनुपर्छ ।

मिडिया नीति लोकतन्त्रलाई मजबुत बनाउने माध्यम बन्नुपर्छ । कमजोर बनाउने होइन । स्वतन्त्रता, पारदर्शिता र उत्तरदायित्व तीन आधारमा टेकेर तयार गरिने नीति मात्र दीगो र प्रभावकारी हुन सक्छ । तसर्थ सन्तुलित, वैज्ञानिक र समयानुकूल नीति अहिलेको आवश्यकता हो ।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# हुलाकका कुरियर 'एक्सप्रेस वे' मार्फत, सार्वजनिक बिदाको दिन पनि सेवा

काठमाडौँ, २३ चैत (रासस) ।

हुलाकमार्फत विदेश पठाइने र विदेशबाट आयात भएका मालवस्तु जाँचपासका लागि 'एक्सप्रेस वे' प्रयोग गरिने भएको छ ।

हुलाक सेवा विभाग, त्रिभुवन विमानस्थल भन्सार कार्यालय, नागरिक उड्डयन प्राधिकरणलगायतका निकायको समन्वयमा हुलाकबाट हुने कुरियरका लागि 'एक्सप्रेस वे' प्रयोग गर्ने व्यवस्था मिलाइएको हुलाक सेवा विभागका महानिर्देशक मनमाया भट्टराई पङ्गेनीले राससलाई जानकारी दिनुभयो ।

"हुलाक वस्तु द्रुतमार्गबाट जाँदा बढी सुरक्षित र भरपर्दो हुन्छ । हामीले यसका लागि लामो समयदेखि प्रयास गरिरहेका थियौँ । पछिल्लो समय मन्त्रालयबाट पनि चासो र निर्देशन आएपछि यो कार्यान्वयन प्रक्रिया अघि बढेको हो", उहाँले भन्नुभयो । महानिर्देशक पङ्गेनीका अनुसार अब हुलाक कुरियरका लागि त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा 'डेडिकेटेड' जाँचपास प्रणाली बनाइनेछ ।

त्यस्तै, सार्वजनिक बिदाको दिन पनि हुलाक कार्यालयमार्फत विदेशमा सामान पठाउने र विदेशबाट आयात भएको सामान छुटाउन सकिने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो । गोश्वारा हुलाक कार्यालय डिल्लीबजारले यसअघि समेत सार्वजनिक बिदाको दिन सेवा दिँदै आएको भए पनि त्यहाँस्थित भन्सार कार्यालय र बैंक नखुल्दा भन्सार जाँचपासमा समस्या हुने गरेको थियो ।

अन्तरनिकाय समन्वय अभावमा सेवा प्रभावित भइरहेकोबारे गुनासो आउन थालेपछि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले समेत चासो देखाएको थियो । सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाको निर्देशनपछि हुलाक सेवा विभागले भन्सार विभागसँग समन्वय गरेर सार्वजनिक बिदाको दिन पनि सजिलै सेवा दिन सकिने व्यवस्था मिलाउन प्रक्रिया थालेको हो ।

भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारीले सार्वजनिक बिदामा पनि हुलाक वस्तु जाँचपासका लागि कार्यालयलाई निर्देशन दिइसकेको बताउनुभयो । सञ्चार मन्त्रालयको निर्देशनपछि हुलाक सेवा विभागले भन्सार विभागलाई पत्राचार गर्दै सार्वजनिक बिदाको दिन पनि गोश्वारा हुलाक कार्यालयस्थित भन्सारमार्फत सेवा प्रवाहका लागि आग्रह गरेको थियो । सोहीअनुसार भन्सार विभागले निर्देशन दिइसकेको महानिर्देशक भण्डारीले बताउनुभयो ।

पछिल्लो समय हुलाकमार्फत कुरियर गर्ने क्रम बढ्दो छ । नेपालबाट विदेश पठाइने र विदेशबाट नेपाल आउने वस्तुलाई चाँडो, सुरक्षित र भरपर्दो बनाउन विभागले निरन्तर सुधारका काम गरिरहेको महानिर्देशक पङ्गेनीको भनाइ छ । गोश्वारा हुलाक कार्यालय डिल्लीबजारबाट गत फागुन महिनामा मात्र १९ हजार २०० भन्दा बढी पुलिन्दा, पार्सल, साना प्याकेट, साधारण चिठ्ठी, रजिस्ट्री चिठ्ठी, बुक पोस्टलगायत वस्तु विदेशबाट आएका थिए । त्यस्तै निर्यात भएका यस्ता वस्तुको सङ्ख्या ११ हजार ७०० हाराहारी छ । जसबाट रु २९ लाख चार हजार हाराहारी भन्सार राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ ।

हुलाकबाट हुने कुरियर सेवाका लागि द्रुतमार्ग सञ्चालन गर्ने तथा सार्वजनिक बिदाको दिन कार्यालय सञ्चालन गर्दा नागरिकले सहज सेवा पाउनेमात्र नभई कार्यालयको व्यवसाय र नतिजा प्राप्ति दुवैमा सकारात्मक प्रभाव देखिने अपेक्षा गरिएको छ ।

# कार्यालय समय पालना भए/नभएबारे छड्के गर्न सतर्कता केन्द्रले खटायो टोली

काठमाडौँ, २३ चैत (रासस) ।

राष्ट्रिय सतर्कता केन्द्रले सरकारको शासकीय सुधारसम्बन्धी योजनाअनुसार सार्वजनिक सेवा प्रवाह भए/नभएकाबारे छड्के गर्न राजधानीबाहिर टोली खटाएको छ । सोमबारदेखि लागू भएको परिमार्जित कार्यालय समयको परिपालना र सेवा प्रवाहलाई चुस्त तुल्याउने उद्देश्यका साथ केन्द्रले कामठाडौँ उपत्यकाबाहिर नौ जिल्लामा टोली खटाएको प्रवक्ता नारायणप्रसाद भट्टले राससलाई जानकारी दिनुभयो ।

"आयोजनाको गतिविधि र सेवा प्रवाहमा निगरानी तथा छड्के गर्ने गरी सोमबारैदेखि उपत्यकाबाहिर पनि केन्द्रका टोली खटिएका छन्," उहाँले भन्नुभयो, "केन्द्रमा प्राप्त उजुरी तथा गुनासो सम्बोधन गर्ने काम पनि तीव्र गतिमा भइरहेको छ ।" पछिल्लो समय दैनिक सेवा प्रवाहसँग जोडेर आएका गुनासा सम्बोधन गर्न केन्द्र सक्रिय र गतिशीलताका साथ लागिरहेको छ ।

नेपाल सरकारले सोमबारदेखि लागू हुनेगरी कार्यालय समय बिहान ९:०० देखि साँझ ५:०० बजेसम्म बनाएको छ । "सरकारको निर्णयलाई मध्यनजर गरेर सो अवधिमा समय पालना भए/नभएको, कर्मचारीले तोकिएको कार्यकक्षमा बसेर कार्यसम्पादन गरे/नगरेको, सेवाग्राहीका काम समयमा सम्बोधन भए/नभएकाबारे अनुगमन भइरहेको छ," केन्द्रका सहसचिव भट्टले भन्नुभयो । कहींकतै ढिलासुस्ती भए/नभएका बारे केन्द्रले 'फाइल ट्र्याकिङ' समेत गरिरहेको छ ।

त्यस क्रममा भ्रष्टाचार र गलत कार्य भएको पाइएमा तत्काल सुधारका लागि निर्देशन दिने र भ्रष्टाचारसम्बन्धी काम भएको भेटिए अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई लेखी पठाउने काम भइरहेको उहाँले जानकारी दिनुभयो ।

बाँकी अन्तिम पृष्ठमा

## विश्व समाचार

# युद्ध अन्त्यतर्फ अमेरिका र इरानबीच कूटनीतिक पहल

वासिङ्टन डिसी, २३ चैत (रासस/सिन्ह्वा) ।

संयुक्त राज्य अमेरिका, इरान र क्षेत्रीय मध्यस्थकर्ताबीच जारी द्वन्द्व अन्त्य गर्ने उद्देश्यले सम्भावित ४५ दिने युद्धविरामका लागि गम्भीर छलफल भइरहेको जनाइएको छ । कूटनीतिक स्रोतहरूका अनुसार प्रस्तावित योजना दुई चरणमा अघि बढ्नेछ, जसले दीर्घकालीन शान्ति स्थापना गर्ने लक्ष्य राखेको छ । पहिलो चरणअन्तर्गत ४५ दिनको अस्थायी युद्धविराम लागू गरिनेछ, जस अवधिमा दुवै पक्षबीच विश्वास निर्माण गर्ने, तनाव घटाउने तथा स्थायी समाधानका आधार तयार पार्ने विषयमा व्यापक वार्ता सञ्चालन गरिनेछ । यस अवधिमा मानवीय सहायता प्रवाहलाई सहज बनाउने, प्रभावित क्षेत्रमा राहत पुर्‍याउने र थप सैन्य गतिविधि रोक्ने विषयमा पनि ध्यान दिइने अपेक्षा गरिएको छ ।

दोस्रो चरणमा भने पहिलो चरणका वार्ताबाट प्राप्त प्रगतिका आधारमा युद्धको पूर्ण अन्त्यका लागि अन्तिम सहमति गर्ने प्रयास गरिनेछ । यदि निर्धारित समयभित्र सहमति नजुटेमा वार्तालाई निरन्तरता दिन युद्धविराम अवधि थप गर्न सकिने सम्भावना पनि खुला राखिएको छ । साथै रणनीतिक दृष्टिले अत्यन्त महत्वपूर्ण मानिने हर्मुज जलडमरू लाई पूर्ण रूपमा पुनः सञ्चालन गर्ने विषय र इरानको उच्च स्तरको युरेनियम समृद्धीकरणसम्बन्धी संवेदनशील मुद्दा अन्तिम व्यापक सम्झौतामार्फत मात्र समाधान गरिने अपेक्षा गरिएको छ । यी विषयहरू क्षेत्रीय स्थिरता, अन्तर्राष्ट्रिय व्यापार र ऊर्जा आपूर्तिमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले वार्तामा विशेष प्राथमिकता दिइएको छ ।

उक्त पहल सफल भएमा दीर्घकालीन द्वन्द्व अन्त्य गरी क्षेत्रीय शान्ति र स्थायित्व स्थापना गर्ने महत्वपूर्ण कदम बन्न सक्ने विश्वास गरिएको छ ।

# राजनीतिक अस्थिरताबीच लिबियाको तेल उत्पादनमा सुधार

त्रिपोली, २३ चैत (रासस/सिन्ह्वा) ।

लिबियाको कच्चा तेल उत्पादन बढेर दैनिक करिब १४ लाख ३० हजार ब्यारेल पुगेको छ, जुन पछिल्लो एक दशकयताकै उच्च स्तर भएको जनाएको छ । राष्ट्रिय तेल निगमका प्रमुख मसूद सुलेमानका अनुसार उत्पादनमा आएको यो वृद्धि देशको ऊर्जा क्षेत्रमा महत्वपूर्ण उपलब्धि मानिएको छ ।

उहाँले हालै सम्पन्न एक बैठकमा जानकारी दिँदै फेब्रुअरी महिनामा तेल बिक्रीबाट प्राप्त आम्दानी २ अर्ब अमेरिकी डलरभन्दा बढी रहेको र उक्त रकम कुनै कटौती बिना पूर्ण रूपमा सरकारी कोषमा जम्मा गरिएको बताउनुभयो, जुन पछिल्ला केही वर्षमा पहिलो पटक भएको उल्लेख गरिएको छ । यसले देशको आर्थिक पारदर्शिता र व्यवस्थापन सुधारतर्फ संकेत गरेको छ ।

सुलेमानका अनुसार विश्वव्यापी संकटहरूका बाबजुद देशभित्र इन्धन आपूर्ति स्थिर रहेको छ । साथै अल-शरारा तेल क्षेत्र को निर्यात पाइपलाइनमा गरिएको मर्मत कार्य सम्पन्न भइसकेको र उत्पादन पुनः सामान्य अवस्थामा फर्किएको छ । यो तेल क्षेत्र लिबियाको सबैभन्दा ठूलो हो, जुन राजधानी त्रिपोलीबाट करिब ९०० किलोमिटर दक्षिणमा अवस्थित छ र दैनिक ३ लाख ब्यारेलभन्दा बढी उत्पादन क्षमता राख्छ ।

उहाँले थप स्पष्ट पार्दै तेल उत्पादनलाई स्थिर राख्न र अझ बढाउन विद्युत् आपूर्ति प्रणालीको स्थिरता तथा उत्पादन क्षमता सुधार अत्यावश्यक रहेको बताउनुभयो । लिबियाको अर्थतन्त्र मुख्य रूपमा तेल र ग्यास निर्यातमा निर्भर रहेको छ, तर द्वन्द्व र राजनीतिक अस्थिरताका कारण विगतमा बारम्बार उत्पादन र आपूर्तिमा अवरोध हुँदै आएको थियो । हालको उत्पादन वृद्धि लिबियाको आर्थिक पुनरुत्थान र ऊर्जा क्षेत्रको स्थायित्वतर्फको सकारात्मक सङ्केतका रूपमा हेरिएको छ ।

# क्षेत्रीय युद्धबारे इरान, रुस र भारतबीच कूटनीतिक संवाद

तेहरान, २३ चैत (रासस/सिन्ह्वा) ।

इरान का विदेशमन्त्री सेयद अब्बास अराघचीले जारी क्षेत्रीय द्वन्द्वका विषयमा रुस र भारत का विदेशमन्त्रीहरूसँग टेलिफोनमार्फत छुट्टाछुट्टै छलफल गर्नुभएको छ ।

इरानको विदेश मन्त्रालयद्वारा सार्वजनिक गरिएको विवरणअनुसार उहाँले सेर्गेई लाभरोभ र सुब्रमण्यम जयशंकर सँग पश्चिम एसियामा भइरहेको पछिल्लो अवस्थाबारे तथा संयुक्त राज्य अमेरिका र इजरायलका आक्रमणका कारण उत्पन्न सुरक्षा र आर्थिक प्रभावबारे विचार आदानप्रदान गर्नुभएको हो ।

अराघचीले पछिल्ला ३७ दिनमा अमेरिका र इजरायलद्वारा इरानमाथि गरिएका आक्रमणहरूबारे विस्तृत जानकारी दिँदै औद्योगिक संरचना, उत्पादन केन्द्र, अस्पताल, विद्यालय, आवासीय क्षेत्र तथा आणविक केन्द्रहरूमा भएको क्षतिबारे चर्चा गर्नुभएको थियो । उहाँले संयुक्त राष्ट्र सुरक्षा परिषद् का प्रभावशाली सदस्यहरूलाई अन्तर्राष्ट्रिय कानुनअनुसार जिम्मेवार भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो ।

उहाँले इरानी जनता र सुरक्षा बलहरू आफ्नो राष्ट्रिय हित र सुरक्षाको रक्षा गर्न दृढ रहेको उल्लेख गर्दै अमेरिका र इजरायलका कदमले क्षेत्रीय तथा विश्व स्थिरतामा गम्भीर असर पार्न सक्ने चेतावनी दिनुभएको छ ।

यसैबीच, लाभरोभले नागरिक लक्षित आक्रमणहरू, विशेषगरी बुशेहर आणविक विद्युत् केन्द्रमा गरिएका हमलाहरू तत्काल रोक्नुपर्नेमा जोड दिनुभयो र द्वन्द्व विस्तार हुन नदिन सबै अवसरहरूको उपयोग गर्नुपर्ने बताउनुभयो ।

त्यस्तै, जयशङ्करले क्षेत्रीय स्थिरता र सुरक्षालाई पुनःस्थापित गर्न कूटनीतिक प्रयासहरूको महत्त्व औँल्याउँदै युद्ध रोक्न भइरहेका क्षेत्रीय तथा अन्तर्राष्ट्रिय पहलप्रति भारतको समर्थन रहेको बताउनुभएको छ ।

फेब्रुअरी २८ देखि अमेरिका र इजरायलद्वारा इरानमाथि संयुक्त आक्रमण सुरु भएपछि क्षेत्रीय तनाव बढेको हो, जसको प्रत्युत्तरमा इरान र उसका सहयोगीहरूले मध्यपूर्व क्षेत्रमा अमेरिकी र इजरायली हितहरूलाई लक्षित गर्दै आक्रमण गरेका छन् ।

सहकारी ऐन २०४८ अन्तर्गत स्थापित
सहकारी बिभाग दर्ता न. १२०।०५।७५८

# जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## राजविराज–४, सप्तरी

स्था.: २०५७

मिति : २०८२/१२/२४

## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सुचना ।

तपसिलमा उल्लेखित तपाई सदस्यहरुले यस संस्थाबाट लिनु भएको ऋणको भाखा नाघि सकेको हुंदा सो ऋण बुझाउन पटक पटक ताकेता पत्र पठाई सकिएकोमा हाल सम्म पनि सो ऋणको साँवा र समय समयमा बुझाउनु पर्ने ब्याज समेत नबुझाउनु भएकोले सहकारी ऐन २०७४ र सहकारी नियमाबली २०७५ को नियम ३० को उपनियम १ को खण्ड (क) बमोजिम यो ३५ (पैतिस) दिने सुचना प्रकाशित गरिएको छ । उक्त सुचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र ऋणको साँवा र बुझाउने दिन सम्मको ब्याज र हर्जाना समेत तिर्न बुझाउन ल्याउनु होला । यदि सो ऋण बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्नु होला । तोकिएको समय भित्र ऋण रकम नतिरेमा वा तिरिसकेको भए सो को प्रमाण पेश नगरेमा तपाईले दिनु भएको धितो सहकारी ऐन र नियमावली बमोजिम लिलाम बिक्री गरि ऋण रकम, ब्याज, हर्जाना र लिलाम बिक्री गर्दा लागेको सम्पुर्ण खर्च समेत तपाई बाट असुल उपर गरिने ब्यहोरा यसै सुचनाद्वारा जानकारी गराइन्छ ।

### तपशिल

| सि.नं. | ऋणी सदस्यको विवरण | ठेगाना | धितो विवरण |
|---|---|---|---|
| १. | **श्री देव कुमारी चौधरी**<br>पति : श्याम कुमार चौधरी<br>बुवा : धोती चौधरी<br>ससुरा : मिठुलाल चौधरी | जिल्ला सप्तरी,साविक न.पा.डाकनेश्वरी –१०, हाल न.पा. शम्भुनाथ –१२, अर्नाहा | जिल्ला सप्तरी, गा.वि.स.अर्नाहा वडा नं.३ स्थित कित्ता नं.८४७ को क्षेत्रफल ०–२–१६ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |
| २. | **श्री शम्भु प्रसाद साह सोनार**<br>बुवा :– हरिहर प्रसाद साह सोनार<br>बाजे :– जानकी साह | जिल्ला सप्तरी, साविक गा.वि.स. काईलाडी बर्साईन, वडा नं.७, हाल गा.पा. तिलाठी कोईलाडी वडा नं.५ | जिल्ला सप्तरी गा.वि.स. को. बर्साईन वडा नं. ७, स्थित कित्ता नं. ६७० को क्षेत्रफल ०–१–० को जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |
| ३. | **श्री डम्बर लाल पंडित**<br>बुवा :– धरम लाल पंडित<br>बाजे :– मधुकर पंडित | जिल्ला सप्तरी, साविक गा.वि.स. बक्धुवा वडा नं.२, हाल गा.पा. अग्नीसाईर कृष्णा सवरन, वडा नं.५ | जिल्ला सप्तरी गा.वि.स. को. जण्डौल वडा नं. १ स्थित कित्ता नं. ९४३ को क्षेत्रफल ०–०–१६.२५ को जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |
| ४. | **श्री मिरा कुमारी**<br>पति : अशोक कुमार यादव<br>ससुरा : सुर्य नारायण यादव | जिल्ला सप्तरी, साविक गा.वि.स. विपहरिया, वडा नं. १ हाल राजविराज न.पा., वडा नं. –१२ | जिल्ला सप्तरी, गा.वि.स. विपहरिया वडा नं.१, स्थित कित्ता नं. ९३८ को क्षेत्रफल ०–७–१९ र कित्ता नं. ९४४ को क्षेत्रफल ०–१३–०, भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |
| ५. | **श्री दयानन्द चौधरी**<br>बुवा :– तनुक लाल चौधरी<br>बाजे :– कुन कुन चौधरी | जिल्ला सप्तरी, साविक गा.वि.स. तेरहौता वडा नं.७, हाल गा.पा. अग्नीसाईर कृष्णा सवरन, वडा नं.३, मटिगढा | जिल्ला सप्तरी, गा.वि.स. हरिहरपुर वडा नं.३ क, स्थित कित्ता नं.२७८ को क्षेत्रफल ०–७–० भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |
| ६. | **सहाबुन खातुन**<br>पति :–गुगली खलिफा<br>बुवा :– घुल्हाई खलिफा<br>ससुरा :– हबिब खलिफा | जिल्ला सप्तरी, साविक गा.वि.स. जण्डौल वडा नं.५ हाल गा.पा. अग्निसाईर कृष्णासवरन –१ | सहाबुन खातुन र मो.रजावुल को संयुक्त नाममा रहेको जिल्ला सप्तरी, गा.वि.स. जण्डोल वडा नं. ५, स्थित कित्ता नं. ६८७ को क्षेत्रफल ०–१–५.५ र कित्ता नं. ६८९ को क्षेत्रफल ०–०–८.५ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |
| ७. | **श्री राजेश कुमार चौधरी**<br>बुवा : गंगाई चौधरी<br>बाजे : मुसहरु चौधरी | जिल्ला सप्तरी, साविक गा.वि.स. शम्भुनाथ वडा नं.४, हाल, शम्भुनाथ न..पा. वडा न ३ | जिल्ला सप्तरी, गा.वि.स. सखुवा कचन्दाहा वडा नं. ३ क, स्थित कित्ता नं. ११६१ को क्षेत्रफल ०–१–६.५ को जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |
| ८. | **श्री शर्मिला देवी देव**<br>पति : अशोक कुमार देव<br>बुवा : हलधर प्रसाद देव<br>ससुरा : दशरथ लाल देव | जिल्ला सप्तरी, साविक गा.वि.स. विपहरिया, वडा नं. ८ हाल राजविराज न.पा., वडा नं. –१३ | जिल्ला सप्तरी राजविराज न.पा.वडा नं.९ स्थित कित्ता नं.२०१६ को क्षेत्रफल ०–०–६.७५ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |
| ९. | **श्री रत्नेश्वर महतो**<br>बुवा –राम किसुन महतो<br>बाजे – अनुप महतो | जिल्ला सप्तरी, साविक गा.वि.स. ओरिया वडा नं.८, हाल गा.पा. विष्णुपुर वडा नं. ५ | जिल्ला सप्तरी, गा.वि.स. ओयिा वडा नं. ९, स्थित कित्ता नं. ११७५ को क्षेत्रफल ०–२–१७.५ र वडा नं. ८, स्थित कित्ता नं. १२९६ को क्षेत्रफल ०–२–४.५ को जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |
| १०. | **श्री छत्रपती प्रसाद सिंह**<br>बुवा :– राजेन्द्र नारायण सिंह<br>बाजे :– लालु चौधरी | जिल्ला सप्तरी, साविक गा.वि.स. प्रसवनी वडा नं.२, हाल गा.पा. अग्नीसाईर कृष्णासवरन –४ | जिल्ला सप्तरी, गा.वि.स. परसवनी वडा नं. १, स्थित कित्ता नं. १४३ को क्षेत्रफल ०–३–१०, वडा नं.३ स्थित कित्ता नं. ८७४ को क्षेत्रफल ०–०–१०.७५, कित्ता नं. ८७२ को क्षेत्रफल ०–०–१०.७५, कित्ता नं. ८६९ को क्षेत्रफल ०–१–१६, कित्ता नं. ८७९ को क्षेत्रफल ०–०–१२.५, भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |
| ११. | **श्री पारो देवी साफी**<br>पति : मुंगा लाल साफी<br>बुवा : सोनेलाल साफी<br>ससुरा : कुसुम लाल साफी | जिल्ला सप्तरी, साविक गा.वि.स. विपहरिया, वडा नं. ९ हाल राजविराज न.पा., वडा नं. –१२ | जिल्ला सप्तरी, गा.वि.स. चनौरा पहरिया नं.५ स्थित कित्ता नं.१२३४ को क्षेत्रफल ०–०–७.५ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |
| १२. | **श्री जोखन मंडल धानुक**<br>बुवा : मुनर मंडल धानुक<br>बाजे : अजब मंडल धानुक | जिल्ला सप्तरी, साविक गा.वि.स. बक्धुवा वडा नं.२, हाल गा.पा. अग्नीसाईर कृष्णा सवरन, वडा नं.५, | जिल्ला सप्तरी, गा.वि.स. बक्धुवा वडा नं. २क, स्थित कित्ता नं. ११२३ को क्षेत्रफल ०–१–१८.५ र गा.वि.स. बक्धुवा वडा नं. २क, स्थित कित्ता नं. ११२५ को क्षेत्रफल ०–० –१० भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |
| १३. | **श्री फुल महमद**<br>बुवा :– ईब्राहिम मियाँ<br>बाजे :– सुब्दुल मियाँ | जिल्ला सप्तरी, साविक गा.वि.स.फर्सेठ वडा नं.७ हाल राजविराज न.पा. वडा नं.११ | सि.नं. \| जिल्ला \| गा.वि.स. \| वडा नं. \| कित्ता नं. \| क्षेत्रफल<br>१ \| सप्तरी \| फर्सेठ \| ७ख \| २२० \| ०–०–२.२५<br>२ \| सप्तरी \| फर्सेठ \| ७ख \| २२४ \| ०–०–३<br>३ \| सप्तरी \| फर्सेठ \| ७ख \| २२२ \| ०–०–४<br>माथी उल्लेखित जग्गाहरु र उक्त जग्गाहरुले चर्चेको लिगलगापात समेत । |
| १४. | **श्री निर्मल देवी दास**<br>पति : विरेन्द्र दास<br>बुवा : उपेन्द्र दास<br>ससुरा : नथुनी दास | जिल्ला सप्तरी, साविक गा.वि.स. विपहरिया, वडा नं. ५, हाल बसोबास राजविराज न.पा., वडा नं. –३ | जिल्ला सप्तरी, राजविराज न.पा. वडा नं.९ स्थित कित्ता नं.२२२५ को क्षेत्रफल ०–०–१० भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |

# निजी विद्यालयमा लिइएको भर्ना शुल्क फिर्ता गराउन निर्देशन, अब नयाँ शैक्षिकसत्र वैशाख १५ गतेदेखि

काठमाडौं, २३ चैत (रासस)।
सरकारले निजी (संस्थागत) विद्यालयहरूमा लिइँदै आएको कानुनविपरीत भर्ना र अन्य शुल्क फिर्ता गराउन निर्देशन दिएको छ। साथै नयाँ शैक्षिकसत्र अगावै विद्यार्थी भर्ना नगर्न सर्वोच्च अदालतको आदेशको कार्यान्वयन गराउन मन्त्रालयले पहल गरेको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले कानुन विपरीत लिइएको भर्ना शुल्क र संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका, २०७२ द्वारा निर्धारित बाहेक अन्य शुल्कलाई फिर्ता गराउन कानुनी प्रक्रिया अघि बढाउन सम्बन्धित सबै स्थानीय तहहरूलाई अनुरोध गरेको हो।

मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले आइतबार प्रेस विज्ञप्ति जारी गरेर शैक्षिकसत्र प्रारम्भ भएपछि मात्रै विद्यार्थी भर्ना गराउन तथा शुल्क मापदण्ड विपरीत शुल्क नलिन व्यवस्था मिलाउन र गैह्रकानुनीरुपमा त्यसरी शुल्क लिइएको पाइए शुल्क फिर्ता नगर्ने विद्यालयलाई शिक्षा ऐन, २०२८ लगायतका अन्य कानुनी व्यवस्था बमोजिम कारवाही हुन सक्नेतर्फ समेत सचेत गराइएको छ।

शिक्षा नियमामवली, २०५९ (संशोधनसहित) को नियम ५४ को ४ र नियम ७८ को ग को व्यवस्था तथा सर्वोच्च अदालतको यही चैत २० गतेको आदेशको उल्लङ्घन गरी शैक्षिकसत्र अगावै विद्यार्थी भर्ना गर्ने कार्यलाई पनि दण्डनीय हुनेतर्फ सचेत गराइएको छ। नेपाल सरकार मन्त्रिपरिषद्को आइतबारको निर्णय अनुसार आउँदो वैशाख १५ गतेदेखि नयाँ शैक्षिकसत्र प्रारम्भ हुनेछ।

विद्यार्थीको वार्षिक परीक्षाको परीक्षाफल प्रकाशित नभएको र शैक्षिक सत्र सुरु नभएको तथा शिक्षा नियमावली, २०५९ को नियम ७८ (१) (ग) बमोजिम लब्धाङ्कपत्रलगायत आवश्यक सक्कल प्रमाणपत्रसमेत प्राप्त नभएको अवस्थामा विद्यालयहरूले भर्नाको सूचना प्रकाशन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिइएको थियो। न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले शिक्षा नियमावली, २०५९ अनुसार शैक्षिक सुरु भएपछि विद्यार्थी भर्ना प्रक्रिया सञ्चालन गर्नुपर्ने आदेश दिएको थियो। यसअघि हरेक वैशाख २ गतेदेखि शैक्षिकसत्र सञ्चालन हुँदै आएको थियो।

आदेशमा परीक्षा नतिजा, शैक्षिक सत्र र आवश्यक प्रमाणपत्रबीच समन्वय कायम गर्नुपर्ने उल्लेख गरिएको छ। अदालतले सम्बन्धित निकायलाई प्रचलित कानुनअनुसार कार्य गर्न निर्देशन दिँदै विपक्षीलाई १५ दिनभित्र लिखित जवाफ पेश गर्न समेत आदेश गरेको छ। नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरद्वारा यही चैत ५ गते प्रकाशित सूचनामा वार्षिक परीक्षा सम्पन्न गरी नतिजा प्रकाशन पश्चात नयाँ शैक्षिक सत्र २०८३ सुरु भएपछि मात्रै भर्ना कार्यक्रम सञ्चालन गर्न निर्देशन दिइएको थियो। सो विषयमा राससले यही चैत ५ गते ‘वार्षिक परीक्षा नसकिँदै निजी विद्यालयमा भर्ना सुरु’ शीर्षकमा समाचार प्रकाशन गरेको थियो।

# चैत २५ गते ओली र लेखकलाई रिहा गर्न सर्वोच्चको परमादेश

**दैनिक समाचारदाता**
**काठमाडौँ, २३ चैत।**
सर्वोच्च अदालतले हिरासतमा रहेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका नेता रमेश लेखकलाई चैत २५ गते थुनामुक्त गर्न परमादेश जारी गरेको छ।

न्यायाधीशद्वय विनोद शर्मा र सुनिल कुमार पोखरेलको संयुक्त इजलासले सोमबार यस्तो आदेश दिएको हो।

काठमाडौँ जिल्ला अदालतबाट पछिल्लो पटक थपिएको ५ दिनको म्याद २५ गते सकिने भएकाले सो अवधिभित्र अनुसन्धान सकेर वा म्याद सकिए लगत्तै उनीहरूलाई हिरासतमुक्त गर्न अदालतले भनेको छ।

अदालतले उनीहरूलाई पक्राउ गरिएको प्रक्रिया र म्याद थपलाई 'कानुन सम्मत' नै ठहर्‍याएको छ। त्यसैले बन्दीप्रत्यक्षीकरणको आदेश जारी नभए पनि मानवीय र विशिष्ट परिस्थितिका कारण थुनामै राखेर अनुसन्धान गरिरहनु नपर्ने सर्वोच्चको ठहर छ।

उनीहरूलाई रिहा गर्नुपर्नेमा अदालतले ओली र लेखक दुवै अहिले आफ्ना माता-पिताको निधनपश्चात्को आशौच (जुठो) बारिरहेको र केपी शर्मा ओली गम्भीर बिरामी भई शिक्षण अस्पतालमा उपचाररत रहेको विषयलाई प्रमुख आधार मानेको छ।

सोही घटनामा पक्राउ परेका तत्कालीन काठमाडौँका सिडिओ छविलाल रिजाललाई यसअघि नै हाजिर जमानीमा छाडिएको सन्दर्भमा ओली र लेखकलाई मात्र थुनामा राखिरहनु न्यायोचित नहुने आदेशमा उल्लेख छ।

बयान कार्य लगायतका मुख्य अनुसन्धान सम्पन्न भइसकेको देखिएकाले उनीहरूलाई हिरासत बाहिरै राखेर थप प्रक्रिया अघि बढाउन सकिने अदालतको राय छ।

सर्वोच्चको आदेश अनुसार अब प्रहरीले चैत २५ गतेभित्र वा सो अगावै अनुसन्धान सकेर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ बमोजिम (हाजिर जमानी वा तारिखमा रहने गरी) उनीहरूलाई मुक्त गर्नुपर्नेछ।

भदौ २३ र २४ गते भएको प्रदर्शनका क्रममा भएको धनजनको क्षतिको विषयलाई लिएर उनीहरूलाई चैत १४ गते पक्राउ गरिएको थियो। उनीहरूको तर्फबाट पत्नीहरू राधिका शाक्य र यशोदा लेखकले सर्वोच्चमा रिट दायर गरेका थिए।

# सामाजिक सुरक्षा पालना गर्न श्रम मन्त्रालयको आग्रह

काठमाडौँ, २३ चैत (रासस)।
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रमिकलाई न्यूनतम पारिश्रमिक र सामाजिक सुरक्षा सुनिश्चित गर्न सबै रोजगारदातालाई आग्रह गरेको छ।

मन्त्रालयले सोमबार एक प्रेस विज्ञप्ति जारी गर्दै विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी, नर्सिङ स्टाफ, निजी तथा संस्थागत विद्यालयका शिक्षक तथा कर्मचारीलगायत विभिन्न प्रतिष्ठानमा कार्यरत श्रमिकले न्यूनतम पारिश्रमिक तथा अन्य सुविधा नपाएको भन्दै मन्त्रालयमा उजुरी तथा गुनासो आउने गरेको जनाएको छ। यसप्रति मन्त्रालयले गम्भीर ध्यानाकर्षण भएको जनाउँदै प्रचलित कानुनअनुसार श्रमिकका अधिकार पूर्ण रूपमा कार्यान्वयन गर्न सबै रोजगारदातालाई आग्रह गरेको हो।

मन्त्रालयले श्रम ऐन, २०७४ अनुसार काममा लगाइएका व्यक्तिलाई न्यूनतम पारिश्रमिक, बिरामी बिदा तथा उपदान, सञ्चयकोष, बिमालगायतका सुविधा अनिवार्य रूपमा उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको स्मरण गराएको हो। साथै न्यूनतम पारिश्रमिकलगायतका सुविधाबाट वञ्चित गराइएको पाइएमा कानुनअनुसार कारबाही हुने चेतावनी दिँदै मन्त्रालयले सम्बन्धित निकाय, संस्था तथा सरोकारवालालाई कानुनको पालना गर्न अपिल गरेको छ।

## पत्रकार...

प्रणाली कार्यान्वयन गरियोस्, सञ्चारसम्बन्धी कुनै पनि नीतिगत निर्णय गर्दा सरोकारवाला संस्थासँग अनिवार्य परामर्श गर्ने प्रणाली विकास गर्न माग गरिएको छ।

भेटमा सञ्चारमन्त्री तिमिल्सिनाले सरकारी विज्ञापनको रकम दुरुपयोग भएको, श्रमजीवी पत्रकार प्रत्यक्ष लाभान्वित हुन नसकेको तथा बिचौलियाको प्रभाव बढेको देखिएकाले यस्तो निर्णय गर्नुपरेको बताए। उनले आफू सधैँ श्रमजीवी पत्रकारको पक्षमा रहेको र जायज माग सम्बोधन गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त गरे। सरकारले भने सरकारी खर्चमा मितव्ययिता कायम गर्न, विज्ञापन तथा सूचना प्रकाशन-प्रसारणमा पारदर्शिता ल्याउन र सरकारी सञ्चारमाध्यमको प्रवर्द्धन गर्न यस्तो व्यवस्था गरिएको जनाए।

महासंघको प्रतिनिधिमण्डलमा उपाध्यक्ष दीपक आचार्य, नितु पण्डित र उमिदप्रसाद बागचन्द महासचिव रामप्रसाद दाहाल, सचिव रमेश खतिवडा र सोनी शर्मा, कोषाध्यक्ष रामकृष्ण अधिकारीलगायत पदाधिकारीसहित केन्द्रीय सदस्यहरूको सहभागिता थियो।

## कार्यालय ...

सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण, सार्वजनिक सेवा प्रवाहलाई सरलीकरण र सहजीकरण गर्ने वर्तमान सरकारको गति र उद्देश्यअनुसार आफ्नो सम्पूर्ण साधनस्रोत र जनशक्ति परिचालित गरिएको केन्द्रले जनाएको छ।

“दैनिक रूपमा उपत्यकामा परिचालन गरेका छौं। विभिन्न कार्यालय, मन्त्रालय, विभाग, सरकारी-सार्वजनिक निकायहरूमा अनुगमन, छड्के र निगरानी गर्ने, समय पालना भए/नभएको, फाइल अड्केको, सेवा प्रवाहमा कहीँकसैले व्यवधान भोगेको छ कि, त्यसमा सहजीकरण र कारबाहीका लागि फिल्डबाटै लेखेर दिने दैनिक रूपमा चलिरहेको छ”, प्रवक्ता भट्टले भन्नुभयो।

# यस वर्ष २३ स्थानमा बर्डफ्लु

काठमाडौँ, २३ चैत (रासस)।
यस वर्ष चैतमा मात्र २३ स्थानमा बर्डफ्लु रोग देखिएको छ। पशु सेवा विभागका महानिर्देशक डा उमेश दाहालले चैतमा मात्र २३ ठाउँमा बर्डफ्लु रोग देखिएको बताउनुभयो। यसअघि चैत अगाडि यस वर्ष बर्डफ्लु देखिएको थिएन।

यस वर्ष पहिलोपटक चैत ६ गते मोरङ जिल्लाको सुन्दरहरैचा र उर्लाबारी नगरपालिकामा एकै साथ दुई स्थानमा बर्डफ्लु देखिएको थियो। उहाँका अनुसार सुनसरीमा १२ स्थान, मोरङमा सात स्थान, झापा दुई ठाउँ, चितवनमा एक ठाउँ र काठमाडौँमा एक स्थानमा बर्डफ्लु रोग देखिएको छ। उहाँले बर्डफ्लु देखिएको स्थानलाई नियन्त्रणमा लिई फैलिन नदेखिएको बताउनुभयो।

उहाँका अनुसार ती स्थानमा एक लाख चार हजार कुखुरा एवं हाँस नष्ट गरिएको छ। काठमाडौँको त्रिभुवन विश्वविद्यालय परिसरका कागमा बर्डफ्लु देखिएको थियो। सुनसरी, झापा र मोरङमा बर्डफ्लुको सङ्क्रमण फैलिएपछि ती जिल्लामा पशुपक्षी ओसारपसारमा प्रतिबन्ध लगाइएको महानिर्देशक डा दाहालले बताउनुभयो।

“बर्डफ्लु देखिएको स्थानमा हामीले बर्डफ्लु क्षेत्र घोषणा गरेर आकस्मिक रोग अन्वेषण टोलीले ती पशुपक्षीलाई नष्ट गर्ने काम गरेको छ,” उहाँले भन्नुभयो, “हामीले बर्डफ्लु रोग नियन्त्रणमा गरेको कामबाट धेरै नमूनामा बर्डफ्लुको सङ्क्रमण देखिएको छैन।” सरकारले बर्डफ्लु देखिएपछि हाँस, कुखुरा नष्ट गर्ने गर्दछ र सो बापत ७५ प्रतिशत क्षतिपूर्ति किसानलाई उपलब्ध गराउँदै आएको छ।

## मधेस...

आम्दानी न्यून रहेको मन्त्री यादवले बताउनुभयो। “चालु आर्थिक वर्षको बजेटको आकार रु ४६ अर्ब ९८ करोड रहेको छ, तर त्यसका लागि रु ३० अर्बभन्दा बढी बजेट प्राप्त हुने अवस्था छैन”, विज्ञप्तिमा उल्लेख छ। चालु आर्थिक वर्षको बजेट रु १७ अर्ब घाटामा जाने स्थिति रहेको उल्लेख गर्दै मन्त्री यादवले चालु आवमा स्वीकृत गरिएका सबै क्रियाकलाप तथा विकास निर्माणका कार्ययोजना कार्यान्वयन हुने अवस्थामा नरहेको तथा प्रदेश वित्तीय सङ्कटमा पर्ने अवस्था रहेको बताउनुभयो।

प्रदेश सरकारको आम्दानी न्यून भएकाले प्रशासनिक खर्च कम गर्ने तथा आवश्यक नरहेका विलासिताका सामाग्री खरिद तथा सानाखालका टुक्रे योजना बन्द गरिएको बताइएको छ। साथै विगतमा सम्पन्नभई भुक्तानी बाँकी रहेको आयोजना, अधुरा एवं क्रमागत आयोजना, मर्मतसम्भारसम्बन्धी आयोजना र विपद् व्यवस्थापनसम्बन्धी आयोजनाबाहेक रु दश लाखभन्दा घटीका आयोजना रोक्का राखिएको विज्ञप्तिमा उल्लेख छ।

मधेस प्रदेश सरकारको हालसम्म पूँजीगत खर्च आठ प्रतिशत तथा चालुगत खर्च रु २४ प्रतिशत भएको विज्ञप्तिमा उल्लेख छ। चालु आवको सबै स्वीकृत क्रियाकलाप कार्यान्वयन गर्ने हो भने सिर्जित दायित्व भुक्तानी गर्न नसकी प्रदेश सरकार वित्तीय सङ्कटमा पर्ने अवस्थामा रहेको मन्त्री यादवको भनाइ छ।

नेपाल सरकारबाट भएको प्रदेश सरकारको कार्यसम्पादन मूल्याङ्कनमा मधेस प्रदेश अन्य छवटा प्रदेशको तुलनामा पछाडि परेको भनी सार्वजनिक भएको तथा मधेस प्रदेशलाई तुलनात्मक रूपमा अन्य प्रदेशभन्दा न्यून वित्त प्राप्त भइरहेको बताइएको छ।

साथै मधेस प्रदेशलाई अन्याय हुनेगरी वित्तीय समानीकरण अनुदान वितरण सम्बन्धमा भएको विभेदपूर्ण नीतिगत व्यवस्था हटाउनुपर्ने उहाँको माग रहेको छ। पत्रकारको एक प्रश्नको जवाफमा रु २५ लाखभन्दामाथिको विकास योजनाका कार्यहरूलाई टेण्डरमार्फत गराउने मधेस प्रदेश सरकारको प्रावधान रहेको छ।

सो अवसरमा अर्थमन्त्रालयका सचिव रामकुमार महतोले अर्थमन्त्रालयबाट कुनै किसिमको बजेटको दुरुपयोग नभएको स्पष्ट गर्नुभयो।

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेवसाइट :** rajbirajdainik.com.np